**संयुक्त इजलास**

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६७-WO-१०६४, उत्प्रेषण, परमादेश, *जीतेन्द्र यादव वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत*

नेपाल कृषि सेवाको रा.प. तृतीय श्रेणीको पदको लागि आवश्यक बी.एस्सी. (एग्री.) मुख्य शैक्षिक योग्यता भएको देखिन्छ भने बी.एस्सी. (एग्री.) को उपाधि नहुनेका लागि अन्य स्नातकोत्तर उपाधिका आधार सेवा प्रवेशका लागि मात्र समान स्तरमा राखिएको मान्नुपर्ने हुन्छ । उक्त शैक्षिक योग्यता नभएका अर्थात् वी.एस्सी. (एग्री.) को शैक्षिक उपाधि नभएका उम्मेद्वारको हकमा त्यसको विकल्पका रूपमा शुद्ध विज्ञानको प्लान्ट प्याथोलोजी वा इण्टिमोलोजीमा एम.एस्सी. उत्तीर्ण भएका उम्मेद्वार पनि उक्त पदमा आवेदन गर्न योग्य हुनसक्ने व्यवस्थालाई यी सबै उपाधि समानस्तरका हुन् भन्ने अर्थ गर्न मिल्दैन । बी.एस्सी. (एग्री.) को शैक्षिक योग्यता नहुनेका लागि एम.एस्सी इण्टिमोलोजी वा प्लान्ट प्याथोलोजीलाई पनि सेवा प्रवेशका लागि दरखास्त दिन सुविधा दिइएकोसम्म अर्थमा ग्रहण गर्नुपर्दछ । न्यूनतम् शैक्षिक योग्यताको लहरमा लेखिँदैमा सबै शैक्षिक उपाधिको स्तर र मान्यता समान हुने अर्थ गर्न नमिल्ने ।

निवेदकले ताइवानको "National Chung Hsing University" बाट एम.एस्सी. उत्तीर्ण गरेको पाइन्छ । सो विश्वविद्यालयको "College of Agriculture and National Resources" बाट रिट निवेदकले एम.एस्सीको उपाधि हासिल गरेको देखिन्छ । सो विश्वविद्यालयबाट रिट निवेदकले प्राप्त गरेको स्नातकोत्तर उपाधि कृषिसँग सम्बन्धित रहेको र उक्त उपाधिमा अध्यापन हुने विषयहरू "एग्रिकल्चर र एग्रिकल्चरल इण्टिमोलोजी" मा प्रयोगयोग्य भएको भन्ने कुरा प्रमाणित गरिदिएको देखिन्छ । निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिमको समकक्ष निर्धारण समितिले पनि निवेदकले प्राप्त गरेको शैक्षिक उपाधि कृषि सेवा बाली संरक्षण समूहसँग सम्बद्धता भएको भनिएको सन्दर्भमा रिट निवेदकले प्राप्त गरेको उपाधि विशुद्ध विज्ञानतर्फको एम.एस्सी. इन इण्टिमोलोजीको नभई कृषि विज्ञानअन्तर्गतको एम.एस्सी. इन इण्टोमोलोजीको विषय रहेको मान्नुपर्ने ।

निवेदकले बी.एस्सी. (एग्री.) को आधारमा सेवा प्रवेश गरेकाले सेवा प्रवेशपश्चात् अब बी.एस्सी. (एग्री.) कै आधारमा एम.एस्सी. इण्टिमोलोजी अध्ययन गरी उत्तीर्ण हुन्छ र सोलाई सम्बन्धित निकायहरूले स्नातकोत्तर मान्दछन् भने त्यो अतिरिक्त शैक्षिक उपाधि हो । सेवा प्रवेश गर्दा बी. एस्सी. (एग्री.) को उपाधि देखाई सेवा प्रवेश गरेकाहरूमध्ये कसैले एम.एस्सी. (एग्री) को शैक्षिक योग्यता प्राप्त गरेको भए अतिरिक्त शैक्षिक उपाधि मानिने, तर कसैले एम.एस्सी. इण्टिमोलोजी गरेको भए नमानिने भनी अर्थ गर्नु तर्कसङ्गत् नहुने ।

सेवा प्रवेश गर्दा प्राप्त गरेको उपाधिभन्दा माथिल्लो शैक्षिक योग्यताको उपाधि प्राप्त भै सो उपाधि उक्त सेवा समूह वा उपसमूहसँग सम्बन्धित विषयको अतिरिक्त उपाधि भएको स्पष्ट देखिएको अवस्थामा कार्यक्षमता मूल्याङ्कनद्वारा गरिने बढुवामा

निवेदकले प्राप्त गरेको उपाधिलाई अतिरिक्त उपाधिको अङ्क प्रदान गरी बढुवा गर्नुपर्नेमा सो नगर्ने गरी भएको बढुवा समितिको २०६७।११।२५ को निर्णय र सोही निर्णयलाई सदर गरेको लोकसेवा आयोगको मिति २०६८।१।१९ को निर्णय सो हदसम्म त्रुटिपूर्ण देखिने।

निवेदकलाई निजको एम.एस्सी (इण्टिमोलोजी) को शैक्षिक उपाधिलाई सेवा प्रवेश गर्दाको न्यूनतम् उपाधिभन्दा माथिल्लो अतिरिक्त शैक्षिक उपाधिका रूपमा मान्यता नदिई सोबापतको अतिरिक्त अङ्क नदिने गरी गरिएको सो हदसम्म बढुवा समितिको निर्णय सदर गरेको लोकसेवा आयोगको निर्णयसमेत त्रुटिपूर्ण भएकाले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब रिट निवेदकले प्राप्त गरेको अतिरिक्त शैक्षिक उपाधिलाई पनि बढुवा प्रयोजनका लागि निजामती सेवा ऐन, २०४९ को दफा २४घ(१) को देहाय (ख) बमोजिम अङ्क प्रदान गरी नियमानुसार बढुवा सिफारिश गर्नु गराउनु भनी विपक्षी लोकसेवा आयोगको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : विश्वनाथ भट्टराई

कम्प्युटर सेटिङ : विकेश गुरागाई

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री र ामकुमार प्रसाद शाह,** रिट नं. २०६८-WO-०५२९, उत्प्रेषणसमेत, *प्रेमकाजी शाक्य वि. हिराकाजी शाक्यसमेत*

अ.बं. १७ नं. अनुसार पुनरावेदन सुन्ने अड्डाले मातहतका अड्डामा परेका मुद्दाको कामकार वाहीमा म्याद नाघेको वा वेरीत भएको देखिएमा कानूनबमोजिम गर्न लाउनु पर्छ भन्ने प्रावधान रहेको छ। अ.बं. १७ नं.को उक्त व्यवस्था कार्यविधिसम्बन्धी विषय हो। कार्यविधि कानूनअन्तर्गतको यस कानूनी व्यवस्थाबाट कसैको हक अधिकारमा असर पर्ने गरी मूलभूत विषयमा कुनै आदेश गर्न मिल्दैन। मानो छुट्टिएको मिति अंश मुद्दामा सारवान् विषय भई अंशियारहरूको लागि निर्णायक विषयवस्तु हो। सो मितिलाई परिवर्तन गर्दा अंश सम्पत्तिको मात्रामा मात्र होइन कतिपय सम्पत्तिमा अंश पाउने र कतिपय सम्पत्तिमा अंश नपाउने अवस्थासमेत हुने अवस्था भएकोले उक्त मानो छुट्टिएको मिति अंश मुद्दामा सारवान्रूपमा प्रयोग हुने विषय हो। यस्तो मितिलाई अ. बं. १७ नं. को रोहमा परिवर्तन गर्ने अधिकारक्षेत्र माथिल्लो अदालतले सैद्धान्तिक विचलन वा कानूनको घोर उल्लङ्घन भएको अवस्थामा बाहेक प्रयोग गर्नु उपयुक्त हुँदैन। मातहत अदालतमा परेका मुद्दाको कामकारवाहीमा म्याद नाघेको वा वेरीत भएको अर्थात् कार्यविधि कानूनको प्रयोगमा स्पष्ट त्रुटि भएको अवस्थामा मात्र अ. बं. १७ नं. प्रयोग गरी त्यसमा उपयुक्त आदेश गर्नुपर्दछ। न्यायिक मनको प्रयोग गरी निर्धारण गरिएको सो मितिलाई अ. ब. १७ नं. को रोहमा परिवर्तन गर्न नहुने र परिवर्तन गर्नुअघि फैसला गर्दा पर्ने स्पष्ट प्रभावलाई माथिल्लो अदालतले सदैव ध्यान राख्नुपर्ने।

अंश मुद्दामा बाँके जिल्ला अदालतबाट सर्वस्वीकृत सिद्धान्तबमोजिम फिरादपत्र परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी भएको आदेशलाई सो अंश मुद्दाको निर्णय

प्रभावित हुने गरी परिवर्तन गरी पुनरावेदन अदालत नेपालगञ्जबाट मिति २०५३।११।१७ लाई मानो छुट्टिएको मिति कायम गर्नेगरी मिति २०६८।८।८ मा भएको आदेश उपर्युक्त प्रतिपादित सिद्धान्त, हालसम्म प्रचलित न्यायिक मान्यता, प्रचलन र पारम्परिक कानूनअनुकूल नहुँदा उक्त मिति २०६८।८।८ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। बाँके जिल्ला अदालतबाट प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने अवस्था भएकोले हाल जिल्ला अदालत, बाँकेमा चलिरहेको अंश मुद्दामा मिति २०६८।५।२७ मा गरेको आदेशानुसार जे जो प्रमाण बुझ्नुपर्छ बुझी कानूनबमोजिम कारवाही किनारा गर्नु भनी विपक्षी बाँके जिल्ला अदालतसमेतका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः महेन्द्र पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६९ साल फागुन २१ गते रोज २ शुभम्।

## इजलास नं. १

१

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-WH-००६०, बन्दीप्रत्यक्षीकरण, *छेतेन लुन्डुप लामाको हकमा टाँसी छिरिङ् लामा वि. जिल्ला वन कार्यालय, धादिङ्गसमेत*

जिल्ला धादिङ, गजुरी गा.वि.स. वडा नं. २ मलेखु बजार बस्ने लिलानाथ सिलवालको घर भित्र अति दुर्लभ वन्यजन्तु चिरुको रौं बरामद गरिएको विषयमा अनुसन्धान एवं आवश्यक कानूनी कारवाही गर्ने क्रममा मिति २०६९।१०।२४ गते यी निवेदक छेतेन लुण्डुप लामासमेतलाई पक्राउ गरी ऐ. २५ गते जिल्ला वन कार्यालय, धादिङ्बाट हिरासतमा राख्न म्याद थप भई अनुसन्धान एवं आवश्यक कानूनी कारवाही भइरहेको तथ्यमा कुनै विवाद रहेको देखिँदैन। सोही अवधिमा निज छेतेन लुण्डुप लामाको हकमा मिति २०६९।११।१३ गते प्रस्तुत रिट दायर भएकोमा हाल निजउपर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम मिति २०६९।११।१७ मा मुद्दा दायर भई जिल्ला वन अधिकृतको मिति २०६९।११।१८ को आदेशबमोजिम निज पुर्पक्षको निमित्त थुनामा रहेको तथ्य मिसिल संलग्न अभियोगपत्र तथा थुनछेक आदेशको छाँयाप्रति समेतबाट देखिँदा कानूनबमोजिम मुद्दा दायर गरी मुद्दा हेर्ने अधिकारीले थुनछेकको रोहमा थुनामा राखेको एवं पूर्वथुनाको स्थिति परिवर्तन भई पुर्पक्षको लागि थुनामा राखेको देखिएकोले कानूनबमोजिम मुद्दा हेर्ने निकायसमक्ष विचाराधीन रहेको उक्त मुद्दाको कारवाही सम्बन्धमा बन्दीप्रत्यक्षीकरणको प्रस्तुत रिटको माध्यमबाट हस्तक्षेप गर्न नमिल्ने हुनाले रिट खारेज हुने।

इजलास अधिकृतः टेकराज जोशी

इति संवत् २०६९ साल चैत ९ गते रोज ६ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CI-०७८१, उत्प्रेषणसमेत, *नरबहादुर शाही वि. भूमिसुधार कार्यालय, घोराही दाङसमेत*

निवेदन व्यहोराबाटै दावीको जग्गाको मोहियानी हकको प्रमाणपत्र यी निवेदकका बाबुले

प्राप्त गरेको भन्नेमा विवाद देखिँदैन । पछि सो मोहियानी लगत कट्टाका सम्बन्धमा मिति २०५३।११।२२ मा भूमिसुधार कार्यालयबाट निर्णय भएको मिसिल संलग्न व्यहोराबाट देखिन्छ। आफ्ना बाबुको नाममा कायम रहेको मोहियानी हकका सम्बन्धमा अन्यथा निर्णय भएउपर यी रिट निवेदकले यथासमयमै सो निर्णयका सम्बन्धमा चुनौती दिएको भनी निजले भन्न सकेको देखिन्न । दावीको जग्गा दाङ जिल्ला, हलवार गा.वि.स. वडा नं. ६ मा रहेको र आफू पनि सोही हलवार गा.वि.स.मा बसोबास गरी आएको भनी यी पुनरावेदकले जिकीर लिएपछि आफ्नो मोहियानी हक लाग्ने र आफूले जोतभोग गरिआएको भए सो जग्गाका सम्बन्धमा हुने अन्यथा कामकारवाहीउपर मौकामै चुनौती दिनुपर्नेमा सो नगरी मिति २०६८।३।१९ मा निवेदन दिएको भन्ने निवेदकको निवेदन तथ्यबाट देखिँदा आफ्नो दावी लाग्ने मोहियानी हकमा भएको निर्णय तथा कामकारवाहीका सम्बन्धमा विलम्ब गरी दिएको निवेदनका भरमा यी निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने स्थितिसमेत नरहेबाट विपक्षीसमेत झिकाउन नपर्ने गरी निवेदकको निवेदन जिकीर नै खारेज गर्ने गरी भएको पुनरावेदन अदालत, तुल्सीपुरको फैसलामा कुनै कानूनी त्रुटिको विद्यमानतासमेत नहुँदा पुनरावेदन अदालत, तुल्सीपुरबाट मिति २०६८।४।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार २५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CI-०९५३, निषेधाज्ञा, *राजेशप्रसाद यादवसमेत वि. अब्दुल खैर मियासमेत*

पुनरावेदकहरूले खास गरी आफ्नो सरोकार कि.नं. २९ मा रहेको र कि.नं. २९ बाटै अन्य कित्ता जग्गा कित्ताकाट भएको भनी व्यहोरा उल्लेख गरेको देखिन्छ । कि.नं. २९ र ५३ को विषयमा उत्पन्न विवादलाई लिएर यी पुनरावेदकमध्येका राजेशप्रसाद यादवले जिल्ला प्रशासन कार्यालय, बारामा निवेदन दिएको र सोही विषयलाई लिएर विपक्षीमध्येका जिल्ला प्रशासन कार्यालयले पक्ष/विपक्षहरूलाई झिकाई सम्झाई बुझाई गरेको र जग्गासम्बन्धी विवाद भएकोले सम्बन्धित मुद्दा हेर्ने निकायमा जानु भनी दुबै पक्षलाई सम्झाई बुझाई गरेको हो भनी स्वीकार गरेको देखिन्छ । जिल्ला प्रहरी कार्यालय, बारासमेतको लिखित जवाफ व्यहोराबाट राजेशप्रसाद यादवले दर्ता गराएको निवेदनका आधारमा परेको उजूरीका आधारमा प्रत्यर्थी निवेदकहरूसमेतलाई मिति २०६८।३।१२ को पत्रसाथ जिल्ला प्रहरी कार्यालयमा उपस्थित गराएको भन्नेसमेतको व्यहोरा उल्लेख भएबाट प्रत्यर्थी निवेदकहरूले निवेदनमा उल्लेख गरेजस्तो निजहरूलाई विपक्षी निकायहरूबाट उक्त जग्गाको विषयबाट उत्पन्न विवादका क्रममा पक्रन थुन्नसक्ने अवस्थासमेत मिसिल संलग्न व्यहोराबाट स्पष्ट भएको देखिँदा जिल्ला प्रहरी कार्यालय, बारासमेतका नाममा प्रत्यर्थी निवेदकहरूलाई नपक्रनु, नथुन्नु र जोरजवर्जस्ती कुनै कागज नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गर्ने गरी भएको

पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार २५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CI-१११५, निषेधाज्ञा, *लाहान नगरपालिका कार्यालय, सिरहासमेत वि. कोशिलेस चौधरी*

निवेदकले जुन विज्ञापनका लागि नतीजा प्रकाशन गर्न ढिलाई भएको हो सोबारेमा कानूनबमोजिमको दायित्त्व निर्वाह गर्न यी पुनरावेदकलाई विपक्षी बनाई परमादेश मुद्दा दायर गर्नु परेको भन्ने निवेदन व्यहोराबाट देखियो । मिसिल संलग्न पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।८।१९ मा भएको परमादेशको मुद्दाको आदेशको प्रतिलिपि हेर्दा अन्तर्वार्ता भैसकेको अवस्थामा पनि परीक्षाफल निकाल्न नसक्नु र सोको स्पष्ट कारण दिन पनि नसक्नुबाट परीक्षामा सम्मिलित निवेदकहरूको कानूनप्रदत्त हकमा आघात पुग्ने आशङ्का रहेको मान्नुपर्ने अवस्था विद्यमान भएबाट परमादेशको आदेश जारी हुने ठहर्छ भनी यी पुनरावेदकका नाउँमा आदेशसमेत जारी भएको देखिएकोले सो आदेशबमोजिमको कानूनी दायित्त्व पूरा गर्नुपर्ने ।

कानूनबमोजिम स्थापित निकायले कानूनले निर्धारण गरेको कानूनबमोजिमको कर्तव्य पूरा गर्नु वाञ्छनीय हुन आउँछ । तर प्रस्तुत सन्दर्भमा प्रत्यर्थी निवेदकले माग गरेको विषयका सम्बन्धमा उदासीन रहेका यी पुनरावेदक कार्यालयले विज्ञापन नै रद्द गर्नसक्ने आशङ्का रहेकोले सो रोकीपाउन निवेदक अदालत प्रवेश गर्नुलाई अन्यथा भन्नसक्ने स्थिति नदेखिँदा पुनरावेदन अदालत, राजविराजबाट परमादेश जारी भैसकेपछि पनि आदेशबमोजिम यथाशीघ्र विज्ञापित पदको नतीजा प्रकाशन गर्न नसकेको र विज्ञापन नै रद्द गर्नसक्ने आशङ्कासमेत विद्यमान रहेको अवस्थामा विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला कानूनसङ्गत् देखिन आयो । अतः यी पुनरावेदक विरूद्ध निषेधाज्ञाको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।८।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल असार २५ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-WO-०६३६, परमादेशमिश्रित उत्प्रेषण, *निर्मला झा वि. शिक्षा मन्त्रालयसमेत*

ऐनमा भएको स्पष्ट व्यवस्थाबमोजिम बढुवाको माग गरेको निवेदिकाका हकमा उक्त शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३९(१) बमोजिम एक तह बढुवा दिन र सो बढुवा निजको हकमा आकर्षित हुने अवस्था देखिन्छ । उक्त नियम ३९(१) बमोजिम अवकास हुनुअघि स्थायी शिक्षकलाई एक तहमाथिको माथिल्लो श्रेणीको बढुवाका लागि सिफारिशसमेत गर्नुपर्ने दायित्त्व विपक्षी शिक्षक सेवा आयोगलाई उक्त नियमावलीको नियम ३९, २

(ख) ले तोकेकोसमेत देखिन्छ । यी निवेदिकाका हकमा अवकास मितिको सम्बन्धमा विवाद भएको कारणले हुनुपर्ने अवकास मितिभन्दा पछिल्लो मितिमा निर्णय गरी अघिल्लो मितिबाट अवकास दिनुपरेको प्राविधिक कठिनाई परेको भै नियम ३९(१) को सहज कार्यान्वयनको अवस्था नपरेको भए पनि निवेदिका स्थायी शिक्षक भै उक्त नियम ३९(१) को कानूनबमोजिमको सुविधा दिन नसक्ने वा नपर्ने अवस्था भएको पनि नदेखिने ।

यी निवेदिकालाई मिति २०६२।३।६ मा नै अवकास दिने निर्णय समयमा नै भएको भए उपरोक्त नियमानुसार १ महिनाअगावै बढुवा दिन पर्ने हुन्थ्यो । कारवाहीको क्रममा प्राविधिक कठिनाई परेको सम्म भै नियम ३९(१) बमोजिम अवकासपूर्व गर्नुपर्ने काम हुन नसकेको भए पनि कानूनले दिनुपर्ने वा पाउनुपर्ने सुविधा निवेदकले पाउनमा कानूनी अबरोध नदेखिएको र यसरी कानूनले पाउने सुविधाबाट बञ्चित गर्नु न्यायसङ्गत् नहुँदासमेत मिति २०६२।३।६ भन्दा अघिल्लो स्थितिमा राखी नियम ३९(१) बमोजिम विशेष बढुवाको निर्णय गरिदिनुपर्ने विपक्षी निकायबाट सो कानूनी दायित्त्व पूरा गरेको देखिएन । अतः यी निवेदिकाको हकमा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३९(१) बमोजिम विशेष बढुवा दिन नमिल्ने भनी भएको विपक्षी शिक्षक सेवा आयोगको मिति २०६६।३।११ को निर्णय र सोही निर्णयका आधारमा भएको मिति २०६६।३।१५ को पत्र तथा सो निर्णयका आधारमा भएका सम्पूर्ण कामकारवाही गैरकानूनी देखिएबाट उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । हाल निवेदिकाले अवकाससमेत पाइसकेको देखिँदा अब यी निवेदिकाको हकमा मिति २०६२।३।६ को अघिल्लो स्थितिमा राखी शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३९(१) बमोजिम निज कार्यरत् रहेको पदभन्दा एक तहमाथिको पदमा विशेष बढुवाको निर्णय गर्नु र कानूनबमोजिम पाउने सुविधासमेत निवेदिकालाई दिलाउनु भनी विपक्षी शिक्षक सेवा आयोगलगायतका विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्यूटर : बेदना अधिकारी

इति संवत् २०७० साल साउन ३० गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WH-००८०, बन्दीप्रत्यक्षीकरण, *रितेश खतिवडा वि. कारागार कार्यालय, सदरखोर डिल्लीबजारसमेत*

मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को उपयुक्त कानूनी व्यवस्थाबमोजिम एकै मानिसलाई एकै वा धेरै मुद्दाको कैद ठेक्नु पर्दा जुन कलममा कैदको ठूलो हद छ सो हद ननाघ्ने गरी कैद ठेक्नु पर्छ, थप कैद ठेक्नु पर्दैन भन्नेसमेत उल्लेख भएबाट यी निवेदकको काठमाडौं जिल्ला अदालतको मिति २०६१।१२।४ को फैसलाबमोजिम १० वर्ष ठेकिएको र सो भुक्तान गरी रहेको अवस्थामा ललितपुर जिल्ला अदालतबाट मिति २०६२।३।२१ मा जम्मा कैद ६ वर्षसमेत भएको देखिँदा पछि ठेकेको कैद ६ वर्ष समेत अघि ठेकिएको कैद १० वर्षभित्रै भुक्तान हुने देखिन्छ। त्यसकारण उक्त कैद काठमाडौं जिल्ला

अदालतको १० वर्षको ठूलो कैदको हदभित्र नै भुक्तान हुने ऐनको व्यवस्थाअनुसार देखियो ।

त्यसकारण दण्ड सजायको ४१ नं. को व्यवस्थाबमोजिम कैदको लगत सच्याई दिनु पर्ने देखियो । अतएव निजको निवेदन मागबमोजिम कैदको लगत सच्याई कैद ठेक्न ललितपुर जिल्ला अदालतलाई आदेश जारी हुने ।

बन्दीप्रत्यक्षीकरणको आदेश कानूनको अधिकारबिना थुनामा राखेको देखिए वा कानूनको अतिक्रमण गरी वा अधिकारको अतिक्रमण गरी थुनामा राखिएको देखिएमा जारी गर्न मिल्ने हो । प्रस्तुत मुद्दामा सो अवस्था नदेखिई निवेदक २०६०।९।११ देखि कानूनबमोजिमको थुनुवा पूर्जीको आधारमा थुनामा रहेको देखिएको र तत्काल नै निवेदकको ठूलो कैद १० वर्ष भुक्तान भैसकेको नदेखिएबाट कानूनबमोजिमको कैदी पूर्जीको आधारमा थुनामा रहेको अवस्थामा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने देखिएन । सो माग सम्वन्धमा प्रस्तुत निवेदन दावी खारेज हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०७० साल असोज १ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-WO-०४२७, उत्प्रेषणयुक्त परमादेश, *तसमायाँ राई वि. भूमिसुधार कार्यालय, काठमाडौं*

निवेदकको सुनसरी, एकम्बा गा.वि.स. वडा न. ७ ख कि.नं १२ को जग्गा निवेदकले शर्मादेवी राणाबाट २०५०।१०।२० मा रजिष्ट्रेशन पारीत गरी लिएको र निज शर्मादेवी राणाको जेठाजु सुर शम्शेर राणा विरुद्ध हदबन्दीसम्बन्धी मुद्दा छानबिन भै रहेको र सो मुद्दाको निर्णय हुन नै बाँकी रहेको अवस्थामा खरीद गरी आफ्नो नाममा दर्ता स्रेस्ता गराएको देखिएबाट सो जग्गा निवेदकको निर्विवाद रहेको देखिएन । कानूनबमोजिम हदबन्दीभित्र वा बाहिरको भन्ने निर्क्योल नभई भूमिसुधार कार्यालयबाट छानबिन हुने क्रममा नै रहेको देखिएबाट भूमिसुधार कार्यालय, काठमाडौंबाट प्रक्रियागतरूपमा हदबन्दीसम्बन्धी कारवाही चलेको कारणले रोक्का रहेको देखिँदा सोतर्फ तत्काल रोक्का फुकुवा गर्न कानूनसम्मत् देखिएन । संवैधानिक र कानूनी हक उपहरण भै उक्त रोक्का कार्य उत्प्रेषणको आदेशबाट बदर गरिपाऊँ भन्ने माग दावी मनासिब नदेखिएबाट उत्प्रेषणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी पुग्न नसकी खारेज हुने ।

निवेदकको रोक्का रहेको जग्गा मिति २०५०।१०।२० मा राजिष्ट्रेशन पारीत गरी लिएको देखिएको साथै भूमिसुधार कार्यालय, काठमाडौंका मिति २०५७।७।२१ को पत्रले उक्त  खरीद गरेको जग्गाको बिक्री वितरणमा रोकिएको तथ्य मिसिलबाट देखिँदा लामो समयदेखि हदबन्दीसम्बन्धी प्रक्रियाको टुङ्गो नलागेबाट निवेदकको हक भोग गर्ने कार्यमा अवरोध परेको देखिन्छ। लामो समयसम्म विवादको निरोपण नहुनु न्याय नदिनुसरह भै न्यायका मान्य सिद्धान्तविपरीत हुन जाने हुँदा हदबन्दीसम्बन्धी कामकारवाहीमा जो जे गर्नु पर्ने हो कानूनबमोजिम चाँडो कारवाही टुङ्ग्याउनु भनी भूमिसुधार कार्यालय, काठमाडौंका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः टेकराज जोशी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०७० साल भदौ ३० गते रोज १ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-००९७, उत्प्रेषणयुक्त परमादेश, *रामदेव मण्डल वि. चन्द्रकुमार दाससमेत*

रौतहट गा.वि.स. कार्यालयले २०६५।३।२५ गते पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी मिति २०६५।६।१९ गते चन्द्रकुमार दाससमेतलाई स्थायी नियुक्ति दिने भनी सिफारिश गरी मिति २०६७।७।१२ मा गाउँ विकास समितिको कार्यालय, रौतहटले निज चन्द्रकुमार दाससमेतलाई रा.प. अनङ्कित तृतीय श्रेणी सहायक स्तर (मुखिया) पदमा स्थायी नियुक्ति गरेउपर त्यस नियुक्ति प्रक्रियाको अन्य प्रतिस्पर्धीहरूबाट नियुक्तिको वैधतामा प्रश्न उठाई बदरको माग गरी कहीं कतै प्रश्न उठाएको मिसिल संलग्न कागजातहरूबाट देखिँदैन । यसरी नियुक्ति प्रक्रियासँग प्रत्यक्ष सरोकार राख्ने प्रतिस्पर्धी वा सो पदका आकाङ्क्षीहरूबाट छनौट र नियुक्तिको वैधता प्रक्रियाप्रति कुनै प्रश्न नै नउठाइएको अवस्थामा यस प्रक्रियासँग प्रत्यक्ष सरोकार नै नभएका निवेदकले नियुक्ति प्रक्रियामा प्रश्न उठाई गा.वि.स.लाई विपक्षी बनाई उत्प्रेषणको माग गरी दायर रिटका विषयवस्तुमा प्रवेश गर्न नमिल्ने ।

गा.वि.स.को कार्यालय, रौतहटबाट २०६५।६।१९ को सिफारिशको आधारमा मिति २०६७।७।१२ मा गरेको स्थायी नियुक्ति सम्बन्धमा अनुचित विलम्ब गरी २०७०।४।२१ मा दायर रिट निवेदनको माग दावी औचित्यहीन देखिएबाट विपक्षीहरूबाट कारण देखाऊ आदेशसमेत जारी गरिरहनु पर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७० साल साउन २४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-००९९, उत्प्रेषण, *लक्ष्मीकुमारी पोखरेल वि. कोमलनाथ सुवेदीसमेत*

निवेदिकाको नाउँको जग्गा विपक्षी कोमलनाथले लिलाम सकार गरी लिई काम सम्पन्न नै भैसकेको अवस्थामा सो लिलाम तथा दर्ता बदर तर्फ सबूद प्रमाण बुझी निर्णय दर्ता दाखिल खारेजसमेत बदर गर्न सक्ने अन्य वैकल्पिक उपचारको बाटोबाट उपचारमा जानसक्ने अवस्था हुँदाहुँदै सो अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गर्दैमा अदालतले त्यस्तो विषयमा असाधारण अधिकार क्षेत्रबाट हेरी निरोपण गर्न नमिल्ने ।

मेरो नाउँमा दर्ता स्रेस्ता रहेको जग्गा कित्तामा मलाई कुनै थाहा जानकारी नै नदिई विपक्षी कोमलनाथ सुवेदीको नाउँमा लिलाम सकार गर्ने गराउने, दा.खा. गर्ने गराउने लमजुङ जिल्ला अदालत, पुनरावेदन अदालत पोखरा र मालपोत कार्यालय, लमजुङले अदालतको अन्तिम फैसला कार्यान्वयनका सिलसिलामा गरेका आदेश एवं निर्णय बदर गरिपाऊँ भन्ने निवेदन माग दावी औचित्यहीन देखिएबाट विपक्षीहरूबाट कारण देखाऊ आदेशसमेत

जारी गरिरहनु पर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल साउन २४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-१०१, उत्प्रेषणसहितको परमादेश, *लक्ष्मी खड्का वि. भक्तपुर जिल्ला अदालतसमेत*

अभियोगपत्रमा निवेदकको ठेगाना भक्तपुर जिल्ला, दधिकोट गाउँ विकास समिति, वडा नं. ७ भनी उल्लेख भएको देखिन्छ। साथै निवेदकले कृषि विकास बैंकमा आफ्नो वतन लेखाउँदासमेत सोही भक्तपुर जिल्ला, दधिकोट गा.वि.स. वडा नं. ७ लेखाएको र आफ्नो वतन परिवर्तन गरेको भन्ने कुराको जानकारी गराएकोसमेत देखिन आउँदैन । कीर्ते ठगी मुद्दामा कृषि विकास बैंकले निवेदकले नै लेखाएको र बैंकसँग रहेको रेकर्ड प्रमाणकै आधारमा निजको ठेगाना कायम गरी मुद्दा दायर गरेको देखिन्छ। निवेदकले भक्तपुर जिल्ला, दधिकोट ७ मा आफ्नो सम्बन्ध नरहेको भनी भन्न सकेको अवस्थासमेत देखिन आउँदैन । यसरी निवेदकको स्थायी वतन (ठेगाना)मा म्याद सूचना जारी गरी रीत पुर्‍याई गरेको अदालती कामकारवाहीलाई वेरीतको भनी बदर माग गर्नु औचित्यहीन देखिने।

मातहतको दुई तह अदालत र विशेष अदालतबाटसमेत प्रचलित कानूनी व्यवस्थाअन्तर्गत निरोपण भई टुङ्गो लागिसकेको विषयवस्तुमा साधारण अधिकारअन्तर्गतको अ.बं. २०८ नं. को उपचार पनि नखोजी फैसला कार्यान्वयनको क्रममा पक्राउ परेपछि यस अदालतले रिट क्षेत्राधिकारबाट पुनरावेदन सुनेसरह गरी हस्तक्षेप गर्दै जाने हो भने विवादको अन्त्य कहिल्यै हुन नसक्ने र अदालतको साधारण क्षेत्राधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थासमेत अर्थहीन हुनजाने ।

भक्तपुर जिल्ला अदालत, पुनरावेदन अदालत, पाटन र विशेष अदालत, काठमाडौंबाट प्रमाणको मूल्याङ्कनसमेत गरी अभियोग दावी पुष्टि भई निवेदकलाई कैद र जरीवाना हुने ठहरी भएको फैसलाको वैधतामा प्रश्न उठाई निवेदक आफैंले कृषि विकास बैंकमा लेखाएको आफ्नो स्थायी वतनमा भएको रीतपूर्वकको म्याद सूचना तामेलीलाई वेरीतपूर्वक तामेल भयो, प्रतिवादको मौका दिइएन, सुनवाई प्राकृतिक न्यायको सिद्धान्तविपरीत भयो भनी कैद र जरीवाना हुने ठहरी भएको फैसलालाई बदर गरिपाऊँ भन्ने निवेदन माग दावी औचित्यहीन देखिएबाट विपक्षीहरूलाई कारण देखाऊ आदेशसमेत जारी गरिरहनु पर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल साउन २४ गते रोज ५ शुभम् ।

## रीत/वेरीत आदेश

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-RE-००५०, ज्यान मार्ने उद्योग, *रुद्रप्रसाद पराजुली वि. नेपाल सरकार*

अर्घाखाँची जिल्ला अदालत के,

यसमा पुनरावेदन अदालत, बुटवलको मिति २०७०।२।२० को आदेश बदर गरी अ.बं. ४७ नं. बमोजिम तारीखमा राखी मुद्दाको पुर्पक्ष गरी पाऊँ भनी प्रतिवादीले निवेदन गरेको देखियो । यी प्रतिवादीउपर किटानी जाहेरी परेको यी प्रतिवादीलगायत अन्य सहप्रतिवादीहरूसमेत आरोपित कसूरमा सावित भई अनुसन्धान अधिकारीसमक्ष बयान गरेको एवं वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको भनाई र यी प्रतिवादीबाट समेत दशीका सामान बरामद भएको देखिएबाट तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी निर्दोष रहेछन् भनी मान्न सकिने अवस्था नहुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी यी प्रतिवादी रुद्रप्रसाद पराजुलीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्ने गरी अर्घाखाँची जिल्ला अदालतबाट मिति २०६९।१२।५ मा भएको आदेश सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।३।२०।५ को आदेश वेरीतको नदेखिँदा परिवर्तन गरिरहनु परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल मङ्सिर १९ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७०-RE-००६३, हातहतियार खरखजाना, *रुद्रप्रसाद पराजुली वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-RE-००५२, ००५३, ००५५, ००५४, हात्तीको दाह्रा ओखेटो ओसार पसार, *चन्द्र बुढा वि. नेपाल सरकार, विपना भन्ने वीरमाया पुन वि. नेपाल सरकार, प्रेमबहादुर रोक्का वि. नेपाल सरकार, जनक बुढा वि. नेपाल सरकार*

यसमा निवेदकमध्ये प्रेमबहादुर रोक्काको हकमा विचार गर्दा निजले आरोपित कसूर गरेको इन्कारी रही बयान गरेको र अन्य प्रतिवादीहरूलेसमेत निज विरूद्ध कुनै पोल उजूर गरेको नदेखिनुको साथै निजउपर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०४९ को दफा २६(६) को दावी लिई अभियोग पत्र दायर भएको र ऐनको उक्त दफाअनुसार प्रतिवादीलाई अधिकतम् दुई वर्ष कैद वा १० हजार रूपैयाँ जरीवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था देखिएकोले निज प्रतिवादी प्रेमबहादुर रोक्काका हका सो ऐनको दफा २६(१) बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरी जिल्ला वन कार्यालय, ललितपुरबाट मिति २०७०।१।२९ मा भएको आदेश सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।११ को आदेश प्रतिवादी प्रेमबहादुर रोक्काको हकमा मिलेको नदेखिँदा सो हदसम्म बदर गरिदिएको छ । अब निज प्रतिवादी प्रेमबहादुर रोक्काले उक्त ऐनको दफा २६(६) बमोजिम दश हजार रूपैयाँ नगद धरौट वा सो बराबरको जेथा जमानत दिए लिई पुर्पक्षको लागि तारिखमा राखी मुद्दाको कारवाही किनारा गर्नू ।

अन्य प्रतिवादीहरू जनक बुढा, चन्द्र बुढा र वीरमाया पुनको हकमा विचार गर्दा प्रतिवादीहरूमध्येका दीपक शेरचनको कोठाबाट बरामद भएको भनिएको हात्तीको दाह्रा परीक्षण गर्दा हात्तीको दाह्रा भएको भन्ने प्रतिवेदन व्यहोरा तथा अनुसन्धान अधिकारीसमक्ष यी प्रतिवादीहरूले गरेको बयानसमेतका तत्काल प्राप्त प्रमाणका

आधारमा हाल यी प्रतिवादीहरू निर्दोष रहेछन् भनी मान्न सकिने अवस्था नहुँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा प्रतिवादीहरू जनक बुढा, चन्द्र बुढा र वीरमाया पुनलाई जिल्ला वन कार्यालय, ललितपुरबाट मिति २०७०।१।२९ मा भएको आदेश सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।११ को आदेश वेरीतको नदेखिँदा परिवर्तन गरिरहनु परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल मङ्सिर १९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RE-०२४०, ठगी, *सञ्जय नेपाल वि. नेपाल सरकार*

यसमा यी प्रतिवादीउपर जाहेरवालाले दिएको मिति २०६९।२।१९ र २०६९।४।३२ को जाहेरी दरखास्तमा उल्लेख भएको कसूरजन्य कार्यको सम्बन्धमा निजउपर प्रस्तुत ठगी मुद्दा दायर भएको छ भने सोही मिति २०६९।२।१९ को जाहेरी दर्खास्तको फोटोकपी र सो मुद्दामा प्रतिवादी सञ्जय नेपालले गरेको बयानको फोटोकपी राखी सोही कसूरजन्य कार्यका सम्बन्धमा बैंकिङ कसूर मुद्दासमेत दायर भई सो मुद्दा बैंकिङ कसूरमा जरीवानासमेत हुने ठहर भई सो निर्णय अन्तिम भएको भन्ने उक्त मुद्दाको मिसिलबाट देखिन्छ । साथै ठगी गरेको बिगोका सम्बन्धमा निज जाहेरवालाको छोरा सुदीप सिग्देलले करारबमोजिमको रकम दिलाई पाऊँ भनी काठमाडौं जिल्ला अदालतमा दे.नं.११-३९-०६९-४०४६ को मुद्दा पनि दायर भएको सो मिसिलबाट देखिन्छ । यसरी यी प्रतिवादीउपर एउटै कार्य र व्यवहारका सम्बन्धमा ठगी मुद्दा र बैंकिङ कसूर मुद्दासमेत चलेकोमा सोही कार्य र व्यवहारका लागि प्रस्तुत ठगी मुद्दामा थुनामा राख्ने आदेश भएको छ भने बैंकिङ कसूर मुद्दामा प्रतिवादीलाई जरीवाना हुने गरी मिति २०६९।१२।२१ मा पुनरावेदन अदालत, पाटनबाट फैसला भइसकेको देखिएको परिप्रेक्ष्यमा निज निवेदकलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८ नं. को देहाय २ को आधारमा कसूरदार देखिएको भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।२।३० गते थुनामा राख्ने गरेको आदेश कानूनसम्मत् देखिन नआएकोले सो आदेश बदर गरिदिएको छ । अब निज प्रतिवादीउपर चलेको ठगी मुद्दामा फैसला हुँदा ठहरेबमोजिम हुने नै हुनाले निज प्रतिवादीबाट रू. ५०,००,०००।- (पचास लाख) नगद धरौटी वा जेथा जमानी दिए लिई तारिखमा राख्नु र नदिए प्रचलित कानूनबमोजिम थुनामा राखी पुर्पक्ष गर्नू ।

इति संवत् २०७० साल मङ्सिर १९ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-AP-०१७०, अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. उपेन्द्रप्रसाद साह*

निवेदन लेखाइ र पुनरावेदन अदालतबाट भएको आदेशको प्रतिलिपिबाट यी प्रतिवादी उपेन्द्रप्रसाद साहको हकमा तत्काल प्राप्त प्रमाणबाट थुनामा राख्ने कानूनी आधार र अवस्था देखिन नआएकोले कैफियत प्रतिवेदन मगाई रहन परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल मङ्सिर २८ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-AP-०१७५, सम्पत्ति शुद्धीकरण, *नेपाल सरकार वि. गणेश लामासमेत*

प्रतिवादी गणेश लामासमेतलाई हुनसक्ने कैद जरीवानासमेतलाई विचार गरी प्रतिवादीहरूबाट विशेष अदालत ऐन, २०५९ को कानूनी व्यवस्थाबमोजिम धरौट माग्ने गरेको आदेशमा कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा कैफियत प्रतिवेदन माग गरिरहन परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल मङ्सिर २८ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-AP-०१७६, सम्पत्ति शुद्धीकरण, *नेपाल सरकार वि. चक्रे मिलन भन्ने मिलन गुरुङ*

प्रतिवादीहरूलाई हुनसक्ने कैद जरीवानासमेतलाई विचार गरी विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) को कानूनी व्यवस्थाको आधारमा धरौट माग्ने गरेको आदेशमा कानूनी त्रुटि विद्यमान रहेको नदेखिएकोले कैफियत प्रतिवेदन माग गरिरहन परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल मङ्सिर २८ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-AP-०१७९, जवर्जस्ती करणी, *हरि भुषाल वि. नेपाल सरकार*

प्रतिवादी हरि भुषाललाई जवर्जस्ती करणी मुद्दामा पुनरावेदन अदालत, पाटनबाट ८ वर्ष कैद हुने ठहऱ्याई फैसला भएको र मुद्दा पुर्पक्ष हुँदा निज थुनामा रहेको देखिएको तथा प्रस्तुत मुद्दा पुर्पक्ष निमित्त थुनामा राखी गर्ने प्रकृतिको मुद्दा भएको देखिएकोले पुनरावेदन गर्दा अ.बं. १९४(२) नं. को सुविधा दिन नमिल्ने भनी भएको आदेश कानूनअनुकूल नै देखिने ।

इति संवत् २०७० साल मङ्सिर २८ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WO-०३७९, उत्प्रेषण, परमादेश तथा प्रतिषेधलगायत उपयुक्त आदेश जारी गरिपाऊँ, *डा. काशिकान्त झा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

अन्तरिम आदेशसमेतको माग भएको सम्बन्धमा विपक्षीहरूलाई जानकारी गराई मिति २०७०।८।२४ को पेशी तारीख तोकी सो सम्बन्धमा छलफल भई निष्कर्षमा नपुगेसम्मको लागि South Asian Association for Regional Co–Operation Secretariat ले निज निवेदकलाई लेखेको मिति ०१ नोभेम्बर २०१३ को पत्रानुसार निज हालसम्म निर्देशकको पदमा बहाल रहिरहेको देखिनाले निजलाई सो पदबाट नहटाई यथास्थितिमा राख्नु भनी तत्कालीन अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल मङ्सिर १७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०३९७, उत्प्रेषण, *राजेन्द्रप्रसाद शर्मासमेत वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

निवेदकले निवेदनसाथ प्रस्तुत विपक्षी गोपीराम बन्जाराले कम्पनीलाई रू.३४,४९,९४४।९९ बुझाउनु पर्ने लेखा परीक्षण प्रतिवेदन र निज गोपीरामसमेतको संलग्नतामा मिति २०६९।०३।३०

र २०६९।०७।२५ मा सम्पन्न सञ्चालक समितिका निर्णय एकातिर छन् भने आफ्नो शेयर “कीर्ते जालसाजी तरीकाले शेयरपत्र राजीनामा लिखत तयार गरी ठगी गरेको” जाहेरी दर्ता नगरिदिएको भन्दै जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदनको आधारमा सो कम्पनीका सञ्चालक यस निवेदनका निवेदकहरूलाई विपक्षीसमेत नबनाई दायर रिटमा दरखास्तवालाको सहीछाप नभएको ठगी मुद्दाको जाहेरीलाई अ.बं. ९० नं. बमोजिम सनाखत गराई कारवाही अगाडि बढाउनु” भन्ने २०७०।०५।२६ मा पुनरावेदन अदालत, हेटौडाबाट परमादेश जारी भएको पाइयो । पुनरावेदन अदालतको परमादेश जारी गरिएको उक्त निर्णय बदर गरिपाउनसमेत प्रस्तुत रिट निवेदनमा माग रहेको छ। निवेदकहरूले आफ्नो रिट निवेदनमा गोपीराम बन्जराउपर कम्पनी ऐन, २०६३ को दफा १६३ बमोजिम पुनरावेदन अदालत, (वाणिज्य इजलास) मा २०७०।०२।२७ मा नै निवेदन दिई मुद्दा चलिरहेको उल्लेख गरेको पनि पाइन्छ ।

उपरोक्त वस्तुस्थितिका सन्दर्भमा पुनरावेदन अदालत, हेटौंडाबाट गोपीराम बन्जारा विरूद्ध जिल्ला प्रहरी कार्यालयसमेतको मुद्दा नं. ०६९-WO-०२८६ मा मिति २०७०।०५।२६ मा जारी परमादेश अनुसारका कार्य हाल नगरी नगराई यथास्थितिमा राख्न सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरूका नाममा यो तत्कालीन अन्तरिम आदेश जारी गरिदिएको छ । यस आदेशलाई निरन्तरता दिने वा नदिने विषयमा छलफल गर्न उपयुक्त दिन तोकी विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेश गर्नू ।

इति संवत् २०७० साल मङ्सिर २३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०७०-WO-०३८५, उत्प्रेषण, *भिखर चौधरी मलाह वि. गुठी संस्थान, शाखा कार्यालय, वीरगञ्जसमेत*

अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा विवादको कि.नं. ४८३ गुठी तैनाथी जग्गासम्बन्धमा गुठी संस्थानको मिति २०५६।०३।१४ को निर्णय तत्काल अन्यथा हुन गई अन्य तवरबाट बन्दोबस्ती हुन गएमा निवेदकले बसोबास गरेको अवस्थामा निवेदकको परिवारहरू घरबिहिन भई अलपत्र पर्ने अवस्था हुन पुगी सुविधा सन्तुलनको दृष्टिबाट निवेदकलाई बढी मर्का पर्ने देखिँदा तत्काललाई गुठी संस्थानको मिति २०५६।०३।१४ को आदेशलाई यी निवेदकको टुङ्गो नलागेसम्मलाई यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल मङ्सिर १८ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री प्रा.डा.श्री भरतबहादुर कार्की,** ०७०-WO-०३८२, उत्प्रेषण, *रामनरेश कौलिक वि. पुनरावेदन अदालत, नेपालगञ्जसमेत*

अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा, बाँके जिल्ला अदालतबाट मिति २०७०।१।२० मा भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत, नेपालगञ्जबाट भएको मिति २०७०।५।६ को आदेश सर्वोच्च अदालत, पूर्ण इजलासबाट निर्णय नं. ७९११, मिति २०६४।१०।७५ मा अंश नामसारी मुद्दामा आफ्नो अंश हक कुनै अंशियारले लिन इन्कार गर्दै अंश छोडपत्रको लिखत

पारीत गरेमा मात्र कसैलाई निजको अंश हकबाट बञ्चित गर्न सकिन्छ, अन्यथा कसैलाई कुनै अवस्थामा पनि अंश हकबाट बञ्चित गर्न नमिल्ने भन्ने प्रतिपादित नजीर सिद्धान्तको विपरीत देखिएको हुँदा विपक्षी र ाधादेवी कोरीको नाममा बण्डा छुट्ट्याउन बाँकी र हेको कि.नं. ७८४ को जग्गा विपक्षीले बेचबिखन गरी भौतिक स्वरूप परिवर्तन गर्ने प्रवल आशङ्का भएकोले सुविधा र सन्तुलनको आधारमा मुद्दाको अन्तिम किनारा नलागेसम्म सो जग्गा यथास्थितिमा राख्नु यसमा कुनै भौतिक परिवर्तन नगर्नु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल मङ्सिर १६ गते रोज १ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**– सर्वोच्च अदालत, मेलमिलाप समिति**